
**Interdisciplinary Research in Education**
Volume 8, Issue 2, 2023: 61-67
DOI: https://doi.org/10.3126/ire.v8i2.60211



# वेद, विज्ञान र हिन्दु दर्शनको चर्चा

**कविप्रसाद पोखेल**
*drkabipokhrel@gmail.com*
*शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर*

**शब्दकुञ्जी**

*वैदिकशास्त्र,*
*पूर्वीय दर्शन,*
*महापञ्चभूत,*
*धार्मिक सहिष्णुता,*
*आध्यात्मिक*

**लेखसार**

*यो लेख वेदका सारभूत सन्देश तथा पूर्वीय दर्शनको विविधता, व्यापकता र वैज्ञानिक विकासको आधारशीला एवं ब्रह्माण्ड ज्ञानको मूल आधारको रूपमा हिन्द दर्शनलाइ चर्चा गर्नमा केन्द्रित छ । ज्ञानको प्रकाश (Light of Knowledge) को उपमाले परिचित हिन्दू दर्शनको आर्दश स्थल काशी तथा वेदको ज्ञानको पृष्ठभूमिमा विश्व समुदायलाई पूर्वीय दर्शन र पश्चिमा विज्ञान तथा प्रविधिको ज्ञानलाई वैदिक शास्त्रले प्रदान गरेको दार्शनिक आधार एवं वैज्ञानिकताको चर्चा गर्ने उद्देश्यमा केन्द्रित यो आलेख स्थापित हिन्दु मान्यता र परम्परामा आर्जित ज्ञान र उपलब्ध वैदिक शास्त्र, श्रुति एवं स्मृतिको विषयवस्तु विश्लेषण गर्न व्याख्यात्मक विधिको प्रयोग गरिएको छ । लेखको खोजी तथा विश्लेषणले हिन्दु धर्मका आदर्श पुरुष स्वामी विवेकानन्द, परहंश रामानुज र शंकराचार्यले गरेको पश्चिमी संसारमा हिन्द धर्मको प्रचार प्रसार, सर्वपल्लवी राधाकृष्णन्ले पूर्वीर्य दर्शनको श्रेष्ठताको व्याख्यामा दिएको योगदान तथा श्रीमद्भागवद गीताको सन्देशलाई सामाजिक रूपान्तरणका लागि शिक्षाको विकासलाइ आफ्नो कर्म क्षेत्र बनाउने मदन मोहन मालवीयजस्ता पुरुषहरुको जीवन आनुभविक शिक्षाबाट प्रेरित भई हिन्दु धर्म, ज्ञानको सागर वैदिक शास्त्र र पूर्वीय दर्शनको श्रेष्टतालाइ विश्वव्यापी बनाउन ज्ञानयोग, कर्मयोग तथा भक्तियोगलाई थप उजागर गर्न जोड दिएको छ ।*

## परिचय

हिन्दु दर्शनले प्रकृति इस्वरीय सजिव ब्रह्ममाणको परिकल्पना गरेको छ । पुरुष (ईश्वर) तथा प्रकृति (जननी) बाट सृष्टिको रचना महापञ्चभूत (आत्मा वा आकास, वायु, अग्नि, जल र पृथ्वी) बाट काल परिवेशअनुसार सत, रज र तमस गुणयुक्त पार्थिव जगत्को उत्पत्ति, विस्तार तथा विकास हुने तत्त्वपरक दार्शनिक आधार एवं वैदिक विधिको वकालत हिन्दु एवं पूर्वीय दर्शनले गर्दछ । ईस्वरीय शक्ति र ऊर्जाबाट यस पार्थिव जगत्मा आएको मानवजाति ईस्वरीय प्रकाशबाटै प्रकाशित (Enlightenment) हुन्छ (Advaita Ashrama, 2020; BTCHC, 1904)। त्यसैकारण यहाँ आँखारूपी सूर्यको चमक र हृदयमा ईस्वरीय भावनाको प्रगाढता छ । दर्शनको मूल मर्म मानवजातिको कल्याणार्थ जीवन पद्धतिलाई व्यवस्थित, कर्मपरक बनाउने दिशामा गतिशील छ। पूर्वीय दर्शन तथा हिन्दु धर्मले आध्यात्मिकताको आधारमा मानवता एकीकरणको उच्च प्राथमिकता दिन्छ। धार्मिक सहिष्णुताको भावनाबाट अभिप्रेरित सभ्य हिन्दु समाजको परिकल्पना गरेको छ। यसले दर्शनको सजीवतामा मात्र व्यक्तिको जीवन, धर्म, कर्म, ज्ञान र योगबिच संयोग हुने कुरामा विश्वास गर्दछ । यही सन्तुलित व्यवहारबाट संसारिक गतिशीलता कायम हुन्छ । हिन्दु धर्ममा अहिंसा कमजोरी वा भयको प्रतीक नभएर ईस्वरीय प्रेम तथा आध्यात्मिकताको स्वाभाविक अभिव्यक्ति मानेर शताब्दीयौँदेखि हिन्दु जातिलाई कम आक्रामक, ध्यानकर्ता, तपश्वी एवं ब्राह्मण सन्यासी आदर्शको उपासक बनाएको तथ्य छन्। सर्वपल्लपी राधाकृष्णन्ले हिन्दु धर्मको उच्च आदर्श धर्मको विकास वा उतार चढावमा एकातिर संकुचित ब्राह्मणवादले हिन्दु आधार अहिंसाप्रति भ्रम सृजना गऱ्यो भने अर्कोतिर मुसलमानको हिन्दुस्थानमा आगमनपश्चात् हिन्दु धर्ममा जातीय नियमको कठोरता बढ्दै गएको धारणा अघि सारेका छन् (राधाकृष्णन्, १९७५) । किनकि वैदिक शास्त्रमा जातिको वर्णाश्रम सत, रज र तमस गुणका आधारमा आर्थिक एवं पेसागत विभाजन मात्र हो। जुन आधुनिक अर्थशास्त्रको सिद्धान्तले स्थापित श्रम विभाजनले व्याख्या गरेअनुरूप सबै व्यक्ति सबै कार्यका लागि उपयुक्त नहुने र अन्तहीन व्यक्ति प्रतिस्पर्धा एवं व्यक्तिवादलाई निरुत्साहित गर्ने लक्ष्य केन्द्रित छ । प्रत्येक कार्य वा उद्यममा धार्मिक चरित्र स्थापना गर्न जातीय विभाजन (कर्म क्षेत्र निर्धारण) वैदिक कालदेखि नै गरेको देखिन्छ (Sarwapalavi.R.K.,1924) ।

हरेक वर्ग र तहका मानिसले आफ्नो कार्य ईस्वरीय महिमाका आधारमा सम्पादन गर्नुपर्छ भन्ने लक्ष्यबाट प्रेरित भएर प्रत्येक कार्य परम आनन्द एवं यन्त्रविहीन हुनुपर्छ । किनकि मानव जातिको निर्धारण उसको ईच्छा, भावना र तर्कशक्तिका आधारमा भएको हुन्छ । जुन सत, रज र तमस गुणमा प्रदर्शित भएको हुन्छ । यिनै गुणको आधारमा मनुले व्यक्ति विशेषको जातीय व्यवस्थापन सांस्कृतिक वातावरण र अनुवांशिकताको सिद्धान्तबाट वर्ण विभाजन भएको उल्लेख गरेका छन् (Mukharji,1971) । मनुको मान्यताका आधारमा मानिस जन्म, व्यावहारिक पक्ष र कर्मले मानिस जन्म पुनर्जन्मको चक्रबाट ईस्वरीय सामीप्यता प्राप्त गर्न सक्छ। तसर्थ हिन्दु समाजको वर्गीकरण आध्यात्मिक चरित्रको देखिन्छ किनकि महाभारतमा पुनर्जन्मको आधार शिक्षा नभै आचरण भनिएको छ (Prabhupada, 2000)। मनुको तर्कअनुसार यदि चरित्र र आचरणलाइ ध्यान नदिने हो भने जाति, धर्म र संस्कार एवं सभ्यताको कुनै अर्थ नहुने मात्र हैन त्यस्तो बेमेलमा मानवजाति धर्मसँग विचलित हुन्छ र समाजमा पाँचौं वर्ग निर्माण हुन्छ। यसरी वैदिक ज्ञान, हिन्दु दर्शन, धर्म र सभ्यतामा धर्मको सिधा सम्बन्ध सदगुणसँग छ। जातसँग केही लेनदेन छैन (राधा कृष्णन्, १९७५) ।

हिन्दु समाजको सहिष्णुता, सदाचार, समभाव र मानव कल्याण केन्द्रित आचरण विकासमा हिन्दु धर्म एवं दर्शनका विचारक स्वामी विवेकानन्द, सर्वपल्लपी राधा कृष्णन्,चाडक्य, मदन मोहन मालवीय आदीको धर्म आचरण केन्द्रित कर्मयोग, ज्ञानयोग र भक्तियोगको प्रतिफलका कारण हिन्दु दर्शन र धर्मको लोकप्रियता तथा वैज्ञानिकता विश्वव्यापीकरण भएको मान्न सकिन्छ। ऋषिमुनि तथा तपश्वीहरुले दिएको योगदान र हिन्दु एवं पूर्वीय दर्शनको विकास गर्ने तक्षशीला, नालान्दा र काशी हिन्दु विश्वविद्यालयजस्ता शैक्षिक संस्थाहरुले खेलेको भूमिका वर्तमान हिन्दु समाजका अद्वितीय निधि मानिन्छन् । पूर्वीय दर्शनको पृष्ठपोषणमा पाश्चात्य जगत्को विज्ञान प्रविधिको ज्ञान विकासको तथ्यगत विवेचना गर्न यो आवश्यक देखिएकाले लेखमा उपलब्ध साहित्यको पुनर्व्याख्या गरिएको छ ।

हिन्दु दर्शनमा वेद, उपनिषद र श्रीमद्भागवदगीता हिन्दु धर्ममा ज्ञानको मुख्य स्रोत वेद मानिन्छ । वैदिक कालमा आर्य ऋषिहरुले वेदको रचना तत्कालीन समाजको समसामयिक ज्ञानको स्रोतलाई ब्रह्मवाक्यको रूपमा रचना गर्दै वेद ज्ञान अलौकिक तथा अथाह ज्ञान भण्डारको निर्माण गरेको ब्रह्मसूत्रमा उल्लेख छ । यद्यपि वेदको अर्थ आफैमा ज्ञान हो जुन देश कालको सिमासँग नबाँधिएर असीमित, अपार एवं शास्वत छ। त्यसैले वैदिक कालको ज्ञानको विकासलाई संहिता काल (१५०० – १००० इ. पु.), उपनिषद्काल (१०००–६०० इ.पु.), महाकाव्यकाल (६००–३०० इ. पु.) र पुराणकाल (५००–३०० इ. पु.) मा विभाजन गरिएको छ । वैदिककालमा विभिन्न ऋषि जस्तै : भारद्वाज, बशिष्ठ, अत्रि, कण्व, वामदेवले ऋग्वेद, यजुर्वेद र सामवेदको रचना गरेको र अर्थर्वा ऋषिले अथर्ववेदको रचना गरी मानव जातिको स्वास्थ्य, ज्ञान, सामाजिक व्यवस्थासम्बन्धी मन्त्र लेखेको उल्लेख छ । त्यस्तै, ऋग्वेदले विश्वउत्पत्ति वा ब्रह्माण्ड (Cosmogony) तथा ब्रह्माण्डविज्ञान (Cosmology) को चित्रण गर्ने आर्य जातिको प्रथम रचनाको रूपमा मानिन्छ । ऋग्वेदपछि ब्राह्मण, आख्यक, कल्प, सूत्र आदिमा मन्त्रहरुको व्याख्या गरिएको पाइन्छ । यजुर्वेदमा यज्ञ– प्रणालीको उल्लेख गरी कर्म क्रियाशीलताको व्याख्या छ भने सामवेदमा देवताहरुको स्तुति एवं वंदनामार्फत जीवन जगत्को गतिशीलताको चर्चा गरिएको छ। समग्रमा यजुर्वेद, सामवेद र अथर्ववेदमा सृष्टि, स्वर्ग, पृथ्वी, आकास, खगोल, ग्रह, उपग्रह, गति, समय, दिशा, राज्य आदिको उल्लेख छ (Swami Dayanadan, 2019)।

ऋग्वेदका १० मण्डल ८२ सूत्रमा सूर्य दृश्य जगत्का पिताले आफ्नो शक्तिबाट पार्थिव जगत्को सृष्ठि गरे र यसैबाट आकास, वायु, अग्नि, जल, स्थल एवं जैविक जगत्को रचना भएको हो भने ब्रह्माण्डको उत्पत्ति विशेष शक्तिपुञ्जबाट भएको उल्लेख छ। सृष्टि एक क्रमिक रूपमा भैरहने र सृष्टिको रचना र स्थायित्वबिच एक लामो स्थिर समयमा पञ्चतत्व (आकास, वायु, अग्नि, जल, थल) को संयोगबाट ब्रह्माण्डको उत्पत्ति विश्वकर्मा विधि, यन्त्र विधि, दर्शनविधि र प्रजातिविधिबाट भएको बताइएको छ (Jamison and Witzel,1992) ।

वेदको अर्थ बोध वा ज्ञान हुन्छ। संहिता, ब्रह्माण, आरण्यक तथा उपनिषद्को संयोगलाई समग्रमा वेदका रूपमा बुझिन्छ । उपनिषद्लाई वेदको शीर्ष भाग वा वेदान्त भनिन्छ। किनकि उपनिषद् वेदको अन्तिम श्रेष्ठ भाग हो । सनातन धर्ममा प्रस्थन त्रयी उपनिषद्को अन्तिम ग्रन्थ मानिन्छ। गीता एवं ब्रह्मसूत्रलाई अध्यात्मिक ज्ञानको मानसरोवर भनिन्छ । जसबाट ब्रह्म ज्ञान यस पुण्यभूमिमा मानव जगतको भौतिक उन्नति तथा अध्यात्मिक कल्याणका लागि प्रवाहित भएको छ (Pokhrel, 2021) ।

ब्रह्मज्ञान, आत्मज्ञान, तत्वज्ञान र ब्रह्मविद्या उपनिषदका पर्यावाची शब्द हुन् र जसको अर्थ हुन्छ गुरुको सामीप्यमा बाधाविघ्नविना सम्पूर्ण ज्ञान प्राप्त गर्नु हो । स्वामी विवेकानन्दले उपनिषद्‌को महत्त्वबारे भनेका छन्, जब म उपनिषद पढ्छु, मेरा आँसु बहन लाग्छन्, यो महान् ज्ञान हो । जुन हाम्रो लागि शक्तिको खानी हो । यसमा ठुलो शक्ति जहाँ सम्पूर्ण विश्वको बल, शौर्य एवं नवजीवन प्रदान गर्ने ताकत छ (Raghu Nandan, 2008) । उपनिषद्‌कालमा ऋत, सत, तप, शम, अग्नि, तेज, अतिथिसेवा, परिवार तथा समाज कल्याण तथा व्यक्ति सुसंस्कृत हुने दार्शनिक ज्ञान प्रदान गरिन्थ्यो । उपनिषद् एवं पूर्वीय दर्शनले हरेक व्यक्तिलाई सचेततापूर्वक सक्षम र सक्रिय बनी आत्मनिर्भर बन्न र जुनसुकै बन्धनलाई अस्वीकार गर्न सन्देशमूलक ऊर्जा दिन्छ । शारीरिक स्वाधीनता, मानसिक स्वाधीनता र अध्यात्मिक स्वाधीनता उपनिषद्‌को मूल मन्त्र हो । उपनिषद्‌को महिमा गाँउदै एक जना कविले लेखेका छन् "हिमालजस्तो न अरु कोही पर्वत छ, उपनिषद्‌जस्तो पुस्तक", यो एक महान दर्शन हो । गीताले जीवनमा आमाको स्थान पाउँछ भने उपनिषद्‌ले आमाको पनि आमाको स्थान पाउँछ ।

ब्रह्मज्ञान श्रुति र स्मृतिको संगालो हो । संस्कृत वागमयमा तत्त्वको वाणी श्रुति हो जुन वेदवाक्यबाट निरूपण गर्न सकिन्छ भने नैतिक आचरणको निरूपण स्मृतिबाट हुन्छ जुन ईस्वरीय वाणी हो । त्यसैले गीता ईस्वरीय वाणीरूप स्मृति हो । मनुले मानव जातिको नैतिक आचरण जीवनमा अपनाइने उच्च साधना भनेका छन् । यसको व्याख्या सात्त्विक, राजस र तामस गुणका आधारमा विश्व आचरण तथा तत्त्वको चित्रण गर्न सकिने कुरामा जोड दिँदै यसका लागि भगवद्‌गीता अपौरुष वेदवाणी, स्मृति रूपवाणी, भगवान वाणी, शास्त्र, तत्त्व र तत्त्वदर्शी प्रकृयालाई सूक्ष्म रूपमा निहाल्न सक्ने ज्ञान र ऊर्जा प्राप्त गर्नु नै हिन्दु दर्शनको सन्देश भएको बताएका छन् । यस्तो शक्ति र ऊर्जा प्राप्तिका लागि आफ्नो धर्मप्रति दृढ र निष्ठावान् हुनुपर्दछ भन्ने कुरा जोड दिएका छन् (Vivakaprana, 2005) ।

**स्वधर्मे निधनं श्रेयः परोधर्म भयावः ।**

उपर्युक्त सूत्रमा स्वधर्मप्रतिको निष्ठा भन्दा अरु कुनै ठूलो तपस्या छैन भन्ने उल्लेख छ । वेद शास्त्रले तत्त्वज्ञानमार्फत व्यक्तिको बुद्धि र विवेकमा परिपक्वता र परिवर्तन ल्याउँछ र बुद्धिले कर्मशील बनाउँछ अनि मात्र वेदशास्त्रको ज्ञानले हरिभक्ति, मन, कर्म, बानी, दृष्टि र साधनामा पूर्णता प्राप्त गुरु, ब्राह्मण एवं योगीसँग ब्रह्मभाव वा सर्वात्मभाव हुन्छ । अर्थात् पूर्वीय दर्शनले व्यक्ति चेतनाको स्तरले समभाव, समदृष्टि र तत्त्वपरक सत्यको निरूपण गर्दछ भनिएको छ । समभाव एवं तत्त्वज्ञानसम्बन्धी यसरी भनिएको छ :


**सर्वपरवशं सर्वमातमवशं सुखम्, एत व्दिद्यात समासेन लक्षणं सुखदुःखयो ।**

माथिको सूत्रले जसको इन्द्रियलगायत पार्थिव तत्त्व वशमा छ त्यो सुखी हुन्छ, जो परवश वा पराधीन छ त्यो दुःखी हुन्छ भनिएको छ । शान्त चित्तमा आत्माको प्रतिनिधित्त्व सुख हो जहां आत्मा चैतन्यको प्रतिविम्ब गर्न सफल हुन्छ । जहाँ आत्मचैतन्यको प्रतिविम्ब हुँदैन त्यो दुःख हो । त्यसैले हिन्दु दर्शन वा धर्म नीतिले कर्म, मन र वाणीबाट कसैलाई कष्ट दिनुहुँदैन भन्ने उच्च नैतिक शिक्षा दिन्छ ।

**अद्रोहः सर्वभूतेषु कर्मणा मनसा गिरा ।**

वैदिकशास्त्रअनुसार परमशक्तिबाट आत्मा वा आकास उत्पन्न भयो । आकासबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जलबाट पृथ्वी, पृथ्वीबाट वनस्पति, अन्न ऊर्जा र सजीवजगत्‌को सृष्टि रचनाको निरन्तरता चलिरहेको चर्चा छ । ॐ ओमकार आवाज (प्रणय) नै सृष्टिको पहिलो बीज

मानेको छ । वेदान्तमा ओमकार अथवा ॐ लाई एक धार्मिक ध्यान आध्यात्मिक चिन्तन तथा निरपेक्ष सत्य, तत्त्वपरक ब्रह्माण्ड (Universality) तत् र परमआनन्द (सत्) को सांकेतिक वास्तविकताको प्रतिनिधित्व गर्ने कुरा भगवद्गीताको अध्याय सत्र श्लोक २३ मा उल्लेख छ (अधिकारी, २०७१) ।




**चित्र १. : ॐ को महिमा**

वैदिक शास्त्र एवं उपनिषद्मा ओमकारको दृष्टिसम्बन्धी चर्चा ब्रह्माणको उत्पत्ति विकास र विस्तारको मूल कारण ध्वनि (आवाज) भएको व्याख्या गर्ने Big Bang Theory सँग मेल खान्छ (Singh, Rana,2017) । अत: हिन्दु दर्शन वा सनातन धर्मले **ॐ** नै ब्रह्माण्ड (OM is the whole universe) मानेको छ। मार्कण्य उपनिषद्मा हरि नै **ॐ** भएको र **ॐ** ले भूत, वर्तमान र भविष्यको प्रतिनिधित्व गर्ने अथवा **ॐ** नै सबैथोक भएको उल्लेख छ । यसरी हिन्दु दर्शनमा ब्रह्माण्ड विज्ञानअनुसार ब्रह्माण्ड एक जैविक र विभिन्न कालखण्डमा लयबद्ध रूपमा परिवर्तन हुने विकासवादी तत्त्व (ब्रह्माण्ड) को रूपमा व्याख्या गरिएको छ जुन आधुनिक एवं वैज्ञानिक सिद्धान्तसँग सामीप्य राख्दछ (Dwivedi and Singh, 2016) ।

## हिन्दु दर्शन र ब्रह्मज्ञान

वेद, उपनिषद्, पुराण आदि ग्रन्थमा पवित्र, धार्मिक र आनन्दको उपनामले सम्बोधित प्राचीन धार्मिक सांस्कृतिक सहर वाराणसी पूर्वीय मान्यता र आर्किटेक्चरको सुन्दरता बोकेको कला, धर्म, दर्शन, विज्ञान र प्रविधिको उपमा मानिन्छ। वैदिक शास्त्र एवं संस्कृत वाङ्मय अध्ययन अनुसन्धानमार्फत ब्रह्मज्ञानको अध्ययन, अनुसन्धान तथा वैदिक शास्त्रको पृष्टभूमिमा विज्ञानको चमत्कारिताको प्रचार प्रसारमा काशी हिन्दु विश्वद्यिालयले एकाइसौं शताब्दीमा उल्लेखनीय योगदान पुऱ्याएको छ । संस्कृत विद्या धर्म विज्ञानले धर्म नीति, हिन्दु दर्शनका आधारमा नयाँ पिँढीलाई सुसंस्कृत, सभ्य, समभाव सहिसुष्णता र विश्वदृष्टि निर्माण गर्न विशेष जोड दिएको छ । प्राचीन एवं हिन्दु परम्परागत सिकाइलाई आधुनिक शिक्षा ढाँचा अनुकूल संरक्षण, संवर्धनमा युवा जगत्लाइ अभिप्रेरित गर्दछ । वैदिक दर्शन, वेद, व्याकरण, सीत्य, जोतिष ज्ञान, बुद्ध दर्शन, मिमांसा, धर्मशास्त्र र वेद विज्ञानका क्षेत्रमा युवा जगत्लाई अभिप्रेरित गर्ने महत्त्वपूर्ण भूमिका निर्भाह गरेको छ (BHU, website) ।

## वेद, ब्रह्मज्ञान र विज्ञान

ब्रह्मज्ञान तथा श्रीमद्भागवदका सन्देशमूलक श्लोक, मन्त्र तथा कथावस्तुबाट वेद वेदाङग स्मृति, दर्शन, आयुर्वेद, अर्थशास्त्र, विज्ञान प्रविधि, कला साहित्य र सिपको विकासमा जोड दिएको पाइन्छ। सारमा जीवनको मूल उद्देश्य धार्मिक कर्तव्य (धर्म), भौतिक साधनको सम्पन्नता (अर्थ) तथा सामाजिक मर्यादा एवं नैतिक र चरित्रवान् आनन्द (काम) प्राप्त गर्ने व्यक्ति हुनु हो। शिक्षा प्रणालीको विकासले वेदाङग, हिन्दु धर्म एवं संस्कृत साहित्यको संरक्षण तथा संवर्धन गनुपर्छ भन्दै Centre of faith (Benares i.e. readymade juice) को रूपमा काशी हिन्दु विश्वविद्यालयको कल्पनाकार मदन मोहन मालवीयले वेद, उपनिषद् तथा हिन्दु दर्शनको मूल आधार ब्रह्मज्ञान भएको बताएका छन् जुन हिन्दु समाजको विकास र परिवर्तनको मुख्य धार्मिक तथा वैज्ञानिक ज्ञानको स्रोत हो। यसैबाट विश्वबन्धुत्त्व भावनालाई धर्म चरित्रको माध्यमबाट विश्वव्यापी बनाउने महान् लक्ष्यमा हिन्दु तपश्वीहरु क्रियाशील भएको चर्चा पाइन्छ। हरेक व्यक्तिमा समभाव, सदभाव, धार्मिक सहिष्णुताको विकास गर्न हिन्दु दर्शन तथा ब्रह्मज्ञानबाट दीक्षित हुन आवश्यक छ भन्ने कुरा नै वैदिक शास्त्रको सबैभन्दा ठूलो सन्देश मानिन्छ। किनभने वैदिक शास्त्रको मूल लक्ष्य समाजकल्याणमा समर्पित हुने आदर्श, चरित्रवान, कर्तव्यनिष्ठ एवं सत्यपरक व्यक्तिले मात्र तत्त्वज्ञान प्राप्त गर्न सक्छ भन्ने नै हो। त्यसैले वेदमा आधारित आधुनिक शिक्षा प्रणालीले स्वज्ञानी, स्वतत्परता तथा स्वत्यागको भावनाको विकास गरी धर्मप्रति निष्ठावान, देशभक्त र विश्वदृष्टिकोणयुक्त जनशक्ति उत्पादन गर्न सक्नुपर्छ (Singh, 2017)।

## निष्कर्ष

वैदिक शास्त्रको मूल मर्म ब्रह्मज्ञान हासिलमा केन्द्रित हुनु हो जसबाट तत्त्वपरक सत्यको खोज अन्वेषणबाट वैदिक दिक्षा र वैज्ञानिक सिपको विकासमा मानब जातिको हित र कल्याण हुन्छ। ब्रह्मसँग एक जिज्ञासा भन्ने सिकाइ आचरणबाट सुरु हुने हिन्दु दर्शनको आध्यात्मिक तथा वैज्ञानिक चिन्तनको यात्रा प्रारम्भ भै ज्ञानयोग, कर्मयोग र भक्तियोगमार्फत सत्य नजिक पुग्न सकिने वैदिक विधि अपाउन जरुरी हुन्छ।

*अथातो ब्रह्मजिज्ञासा।*

यस्तो ब्रह्म जिज्ञासा गुरुको सामीप्यमा रही शिस्यले गुरुसंगको संवाद, नित्य जीवन क्रियाबाट शास्वत शिक्षा प्राप्त गरी आफ्नो कर्मयोगमा सफलता प्राप्त गर्ने तथ्यलाई कृष्ण अर्जुन संवादलाई दृष्टान्त दिन सकिन्छ।

*ब्रह्मविद्यायां योशास्त्रे कृष्णार्जुन संवादः।*

ब्रह्मविद्या युक्तिपूर्ण वा तर्कपूर्ण ज्ञान आर्जन गर्ने नैतिक अनुशासन तथा आत्मज्ञान हो। यसले व्यक्तिमा निहित कुन्ति (तिक्ष्णता) र भारत (प्रभाव) लाई समृद्ध बनाएर ज्ञान प्राप्त ( Enlightenment) कर्मयोगि व्यक्तिले मोक्ष प्राप्त गर्दछ।

*ॐ नमो नारायणः।*

## सन्दर्भ सामग्रीहरू


Advaita Ashrama. (2020) The complete works of Swami Vivekananda. http// advaita- ashram

B.T.C.H.C.(1904). Sanatana Dharma: An advanced text book of Hindu religion and ethics. Varanasi: The Board of Trustees Central Hindu Collage Benaras.

Cord Friebe; Meinard Kuhlmann; Holger Lyre; Paul M; Näger Oliver Passon & Manfred Stöckler (nd).The philosophy of quantum Physics. Available at: https://doi.org/10.1007/978-

Dwivedi, MN.K. & Singh, S.K. (2016). Scientific analysis of AUM mantra

in knowing self.Varanasi: BHU. Available from: [accessed May 29 2022].

Forgotten Books (2016). Speeches and writings of Madan Mohan Malaviya. Retrieved W.W.W. forgottenbooks. com

Jamison,S.W.& Witzel,M.(1992). Vedic Hinduism. Delhi: Rawot Publication.

Mukherji, S.L. (1971). The philosophy of man-making: A study of social ideas of Vivekananda M Kolkatta: BPH.

Pokhrel, K.P. (2021). Lessons of Vedas and Upanishads with reference to Pt. Madan MohanMalaviya. ***Malaviya Sandesh,*** | Vol.5 (5): 69-79.

Prabhupada, A.C. Bhaktivendanta Swami., (2000). *Bhagavad-Gita as It Is*. Bombay: The Bhaktivendanta Book Trust.

Raghu Nandan. (2008). *Insights into existence*. New Delhi: Read worthy Publications.

Sarvapalavi Radha Krishnan (1924*). Indian Philosophy*. London: the Macmillan Company.

Satlok Ashrama (nd). *Gyan Ganga*. Available at : www. Jagatgururampalji.org

Swami, Dayananda. (2019). *Introduction to Vedanta: Understanding the fundamental problem*. New Delhi: Vision Books Pvt. Ltd.

Singh, Rana P.B. (2017). Geographical thoughts in a Ancient India: Envisioning Cosmology and

Nature; in Chakrabarti, Dilip K. and Lal, Makkhan (eds.) *History of Ancient India, vol. 10. 'Science and Technology'.*

Singh, S.K. (2017). Life, Vision and Contemporary Significance of the Great Educator Mahamana Madan Mohan Malaviya, *University News A Weekly Journal of Higher Education*, 55:52, New Delhi, Association of Indian Universities, Pp.3-7,

Vivekaprana, Provrajika (2005). The universal massage; based on the lecturers of the Bhagavad Gita. New Delhi: Indu Ramchandani Trans EDTT Communication

अधिकारी ओमप्रसाद (२०७१ विक्रम सम्वत). श्रीमद्भागवत गीता. वाराणसी : दुर्गा साहित्य भण्डार ।

एस. राधाकृष्णन् (१९७५). हिन्दु दर्शन. दिल्ली : प्रभात प्रकाशन ।